

## ठाटीकाँध गाउँपालिकाको

# जलउपयोग गुरुयोजना, २०८०

## ठाटीकाँध गाउँकार्यपालिकाको कार्यालय, लकान्द्र, दैलेख

## ठाटीकाँध गाउँपालिकाको

# जलउपयोग गुरुयोजना, २०८०

**ठाटीकाँध गाउँकार्यपालिकाको कार्यालय, लकान्द्र, दैलेख**

**ठाटीकाँध गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**लकान्द्र, दैलेख**

कर्णाली प्रदेश, नेपाल



## प्रकाशकीय

नेपालको संविधान २०७२ मा भाग-३, मौलिक हक: धारा ३५ को स्वास्थ्य सम्बन्धि हक र धारा ५१ को राज्यका नीतिहरूमा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक र जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहु-उपयोगी विकास गर्ने भन्ने व्यवस्था भए बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारले जलस्रोतविकास र वातावरण पर्यावरणको दिगो विकास गर्न एकीकृत जलस्रोतको  अवधारणा अनुसार ठाँटीकाँध गाउँपालिकाको जलउपयोग गुरुयोजना तयार गरिएको छ।

ठाँटीकाँध गाउँपालिकाको NWASH MIS अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपूर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याउने युएसएआइडी, कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनता प्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरू (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई स्थानीय जनप्रतिनिधि र जन समुदायकै सहभागीता मुलक छलफल र विधि प्रकिया अनुसार यो जलउपयोग गुरुयोजना तयार गरिएको हो। यस गुरुयोजानाले हामीलाई आगामी पाँच वर्षकोलागि एउटा मार्ग निर्देशन प्रदान गर्दै रणनिति र कार्ययोजना अनुसार अगि बढन मद्दत गर्दछ । जल नै जिवन हो भन्नेमा कुनै दुई मत नराखि, खानेपानी, सिंचाइ, जलाधार क्षेत्रको संरक्षण र जनताको जिवन र जीविकोपार्जन सहितको समुन्नत विकासलाइ टेवा पुर्याउने भएकोले जलउपयोग गुरुयोजना कार्यान्वयन प्रति ठाँटीकाँध गाउँपालिका सचेत र संवेदनशिल छ ।

जलउपयोग गुरुयोजनाको मुख्य अवधारणा भनेको जलस्रोतको एकीकृत तर्जुमा तथा व्यवस्थापनका लागि सहभागितात्मक एवं समावेशी विधि अपनाउँदै जलस्रोत क्षेत्रको विकासमा सुशासन कायम गर्नु, स्थानीय समुदायको सहभागिता र पारदर्शिता बढाउन सहयोग पुऱ्याउनु हो। यसले कुनै एउटा निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित रही त्यस क्षेत्रमा रहेका जलस्रोतको कूल परिणाम तथा त्यसको सम्भाव्य उपयोगको आकलन गर्दछ। जलउपयोग गुरुयोजनाले निश्चित क्षेत्रमा उपलब्ध समग्र जलस्रोत व्यवस्थापन सम्वद्द अध्ययन, व्यवस्थापन र दिगो विकासका रणनीति र मार्ग दर्शन सहित क्षेत्रगत आवश्यकताहरू पहिचान गर्ने भएकाले गाउँपालिकाको समग्र जलस्रोत क्षेत्र विकासका लागि निकै नै महत्वपूर्ण रहेको हुन्छ।

गाउँपालिकाका पदाधिकारी तथा सरोकारवाला महानुभावहरूको प्रत्यक्ष संलग्नतामा निर्माण गरिएको जलउपयोग गुरुयोजना कार्यान्वयनमा समेत सरोकारवाला सम्पूर्ण महानुभावहरूको साथ सहयोग पाउनेमा आशावादी हुदै जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक अपिल गर्दछु साथै गुरुयोजना निर्माणका समय बिभिन्न तहमा सकृयताका साथ गुरुयोजना निर्माणमा सहयोग गर्नु हुने गाउँपालिकाका आम जनसमुदाय लगायत सम्बद्ध सम्पुर्ण महानुभावहरूमा धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

......................

रक्ष बहादुर शाह

गाउँपालिका अध्यक्ष